कृष्णनगर नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

कृष्णनगर, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

## सार्वजनिक सुलभ सौचालय व्यवस्थापन आय ठेक्का सम्बन्धी

## शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०३/३०

कृष्णनगर नगरपालिकाको कृष्णनगरमा देहायका दुई स्थानमा रहेका सार्वजनिक सुलभ सौचालयहरुको ठेक्का व्यवस्थपन गर्नुपर्ने भएकोले अधिकतम ठेक्का अंकमा नघट्ने गरी आ.व.२०८३/०८४ को लागि ईच्छुक व्यक्ति एवं दर्तावाला फर्म/संघ संस्थाहरुले लिन चाहेको ठेक्काको दरभाउ पत्र फारम दस्तुर फिर्ता नहुने गरी तपसीलमा उल्लेखित भएको म्याद भित्र ठेक्काको दरभाउ पत्र खरिद गरी आफूले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशत रकम यस नगरपालिकाको नेपाल बैंक लिमिटेड कृष्णनगर शाखा स्थानीय तह धरौटी खाता न.०१४०३००००३०००००००१ मा जम्मा गरेको सक्कलै भौचर वा ९० दिन सम्म म्याद भएको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी गरिएको बैंक जमानत पत्र बोलपत्र साथ राखी दरभाउपत्र दाताको सहीछाप गरी सिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकासित गरिएको छ|

शर्तहरु:

१.बोलपत्र फारम कृष्णनगर नगरपालिकाको राजस्व शाखाबाट प्राप्त गर्न सकिने छ|

२. बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समय भित्र र उक्तदिन विदा परेमा सोको भोलिपल्ट बोलपत्र खरिद गर्न सकिने छ|

३. बोलपत्र ८ औं दिनको १२:०० बजे भित्र तथा उक्त दिन विदा परेमा सोको भोलिपल्ट दिनको १२:०० बजे भित्र बोलपत्र दर्ता गर्न सकिनेछ |दर्ता भएकै दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ|

४. बोलपत्र दाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न बाधा पर्ने छैन|

५.कार्यालयबाट बिक्री नभएको, बोलपत्र दाताको दस्तखत नभएको र शर्तराखि पेश भएको बोलपत्र मान्य हुने छैन|

६.रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन|

७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहिने छ|

८. स्वीकृत भएको बोलपत्रदाताले आर्थिक वर्षको रकम अग्रिम बुझाउनुपर्नेछ ।

९.यसमा नपरेका अन्य कुराहरुप्रचलित ऐन,नियम अनुसार हुनेछ|

१०.यस सम्बन्धमा अन्य थप केही कुरा बुझनु परेमा यस कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिने छ|

११. ठेक्का व्यवस्थाकले नगरपालिकाले तोकेको प्रचलित शुल्क बढाएर लिन पाउने छैन ।पानी तथा बिजुलीको बिल भुक्तानि स्वयं गर्नुपर्नेछ ।

१२. नगरपालिकाको निर्णयानुसार एक आर्थिक वर्षकोलागि १० प्रतिशत रकम बढाएर म्याद थप गर्न सकिनेछ ।

तपसिल

| क.स. | आय ठे.न. | विवरण | कार्यालयको न्यूनतम अंक प्रति महिना ( अग्रीम आय बहालकर बाहेक) रु. | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| १. | KNM/SQ/Sauchalay1-01/083/84 | वडा नं. १ स्थित होल्डिंग सेन्टर सँगैको सार्वजिनक सुलभ सौचालय र व्यवसायिक शटर एक थान | १७५००।०० | १०००.०० |
| २. | KNM/SQ/Sauchalay2-02/083/84 | वडा नं. २ स्थित भन्सार कार्यालय पछाडीको व्यवसायिक शटरहरुसँगै रहेको सार्वजिनक सुलभ सौचालय र सिढीमुनिको ठाँउ समेत | ७१००।०० | १०००.०० |

नोटः न्युनतम कबोल अंकमा १.५ प्रतिशत अग्रिम आय कर र १० प्रतिशत बहालकर थप हुनेछ ।

खेमराज देवकोटा

प्रमुख प्रशासकीय अधिकृत